# एउटा असल पिताको अन्तिम आदेश

सन्त कुरियाकोस एलियास चावरा

**चावरा सेन्ट्रल सेक्रेटेरियट**
चावरा हिल्स, काकनाङ्
कोची ६८० ०३० केरल, भारत
२०१८

# एउटा असल पिताको अन्तिम आदेश (1868)

(Original in Malayalam: *Oru Nalla Appante Chavarul*)

*Author*
Saint Kuriakose Elias Chavara (1805-1871)

*Nepali Translation*
Fr. Joji Velikkakathu CMI
Mr. Joseph Chetri

*Publisher*
Chavara Central Secretariat
Chavara Hills, Kochi

150th Year Revised and Updated Nepali Edition

© 2019 Chavara Central Secretariat

*Cover Design:* Printartz, Kochi

*Printing & Layout:* Nik the designer, Nepal

**Chavara Central Secretariat**
Chavara Hills, Kakkanad, Post Box 3105
Kochi 682030
Kerala, India

# अन्तर्वस्तु

समर्पण ........ ५
प्राक्कथन ........ ७

## भाग १

पारिवारिक नियम ........ ९
प्रेम ........ ९
विनम्रता ........ १२
नातेदार अनि शुभचिन्तक ........ १३
परिश्रमशीलता ........ १५
परोपकार ........ १८
न्यायशीलता ........ २०
ईश्वरको भक्ति ........ २२
सहनशीलता ........ २३
असल पुस्तकहरू ........ २४
हुकुम पर्व दिनको कर्तव्यहरू ........ २५
दैनिक कार्यतालिका ........ २६

# भाग २

छोराछोरीहरूको पालनपोषण .................... २९
सन्त कुरियाकोस एलियास चावराको
सङ्क्षिप्त जीवनी .................................... ३९
सन्त चावरासमक्ष परिवारहरूको निम्ति प्रार्थना ४३
सन्त कुरियाकोस एलियास चावराको
जिन्दगीको महत्त्वपूर्ण घटनाहरू ............. ४४

# समर्पण

मेरो प्रियजनहरू !

म शारीरिक र जैविक हिसाबले चेन्नकरी पल्लीको चावरा कुरियाकोसको छोरा हुँ । म भगवान्को कृपाले यस संसारमा आएको हुँ । किनकि म यस परिवार र यसका पूर्वजहरूमार्फत् जन्मेको हुनाले, म स्वाभाविक रूपमा कृतज्ञता र न्यायको साथ तपाईंको सेवा गर्न प्रतिबद्ध छु। मैले अरूभन्दा विशेष तरिकाबाट तिमीहरूका लागि केही गरेको छैन । त्यसकारण मैले स्वयम् आफ्नै हातबाट लेखेको यो पत्र तिमीहरूलाई दिएको छु । कुनै दिन म अवश्य मरेर जानेछु, तर यो पत्रको मृत्यु कहिले हुने छैन । त्यसकारण मेरो कैनकरी छोटी पल्लीको बच्चाहरू, मेरो यो सम्पत्तिको रूपमा सम्हालेर राख्नका लागि तिमीहरूलाई सुम्पिदिन्छु । यो तपाईंका लागि मेरो परिवार र मेरो आफ्नो दुवैको अन्तिम आदेश हो । यो एउटा सङ्केत हुनेछ कि तिमीहरू मेरा उत्तराधिकारी हौ । परमेश्वरले तपाईंलाई अपार आशीषहरू मात्र दिनुभएको छ आफ्नो कामको कारणले होइन, तर यस संसारबाट टाढा भएका आफ्ना पुर्खाहरूका

परमेश्वरमा साँचो प्रेम र विश्वासको कारण यसलाई नाश हुन नदिनुहोस् ।

म यो संसारमा आएको थिएँ, यसलाई याद राख्नका लागि र यो लेखेर यसलाई तपाईंको घरमा राख्नुहोस् । यो प्रार्थना भवनको पेटीमा राख्नुहोस् । सबैले यसलाई महिनाको पहिलो शनिबार सँगै पढ्नुहोस् । यसले तपाईंलाई मेरो मृत्युको दिनको सम्झना गराउँदछ । मेरो सम्झनामा अरू केही नगर्नुहोस् । तर, हरेक महिना यसलाई पढेपछि - हे प्रभु ! धार्मिकका लागि बनाइएको स्वर्गको भवनमा यस पुरोहितको आत्मालाई स्वीकार्नुहोस् । मेरा लागि यति बिन्ती गर्न म तपाईंहरूलाई आग्रह गर्दछु ।

# प्राक्कथन

रात्रो खीस्तीय परिवार भनेको स्वर्गीय परिवारको स्वर्गराज्य जस्तो हो, जहाँ सदस्यहरू रगत र प्रेमको सम्बन्धमा बाँधिएका हुन्छन्, आमाबुवाको आदर र आज्ञाकारी भएर, परमेश्वर र मानिससँग प्रेम र शान्तिमा बसेर, उनीहरूको जीवित अवस्थाअनुसार अनन्त जीवन प्राप्त गर्दछन् । यस शोकित सांसारिक जीवनमा शान्तिमय र सुव्यवस्थित प्रेमको परिवारमा बस्नु मात्र मीठो सान्त्वना र सान्त्वना हो । त्यस्तैगरी, व्यवस्था र शान्तिविनाको परिवारमा बस्न र ईश्वरीय भक्ति र मुक्तितिर लापरवाह सबैभन्दा ठूलो शोक हो । त्यस्ता परिवारहरूले कति आँसु, झगडा र मृत्युहरू भएका छन् । धेरै ठूला र सम्मानित परिवारहरूको विनाश पनि यस्तै भएको छ । यस्ता दुष्ट र अप्रिय घटनाहरू हुनुहुँदैन, मैले ईश्वरीय ज्योति र शान्तिका लागि प्रार्थना गरेर यो पारिवारिक कानुन लेखेको छु । म तपाईं सबैलाई आग्रह गर्दछु कि यसलाई अनुसरण गर्नुहोस् जुन तपाईंका पुर्खाहरूको आज्ञा र आदेशको रूपमा छ ।

# भाग १
# पारिवारिक नियम

## प्रेम

१. 'एकअर्कालाई प्रेम गर ।' एकअर्काको कमी-कमजोरी और गल्तीहरूलाई क्षमा गर । यसो गर्नाले तिमीलाई यस संसारमा शान्ति अनि स्वर्गराज्यमा अनन्त आनन्द प्राप्त हुनेछ । एउटै परिवारका दाजुभाइ तथा दिदी-बहिनीहरूमाझमा लडाइँ-झगडा भइरहनु कति दुःखको कुरा हो । प्रभुले भन्नुभएको छ – 'आफैमा फाटो भएको कुनै पनि राज्य नष्ट हुन्छ र आफैमा फाटो भएको कुनै पनि सहर वा घर टिक्न सक्दैन ।' तिमीहरूले आफ्नो गल्ती तथा कमी-कमजोरीहरू एकअर्कामा क्षमा गरेनौँ भने बाहिरका मानिसहरूले कसरी तिमीहरूलाई क्षमा गर्लान् त ? यदि कुनै एउटा व्यक्तिले तिम्रो गल्तीको क्षमा दिन्छ भने के तिमीले पनि उसको गल्तीको माफ दिँदैनौ र ? यदि तिमीले तिम्रो भलाइ गर्ने व्यक्तिलाई मात्र प्रेम गर्छौ भने अज्ञानी र अविश्वासीहरूको तिमी के अपेक्षा गर्छौ ? हामी हाम्रो आदि पिता आदमले भोग्नुभएको दुःख-पीडालाई हामी किन अझै बढाउने ? तसर्थ एकअर्कामा झैँ-झगडा गर्ने

मानिसहरूको जीवन दूर्भाग्यपूर्ण र पीडादायक हुन्छ ।

एकदिन एउटी बुढियाले जानीजानी घरमा झगडा गराइन् तब शैतान उसको सामु प्रकट भए र एक थैलो सुन उपहार दिएर त्यस शैतानले भन्यो – 'जुन काम गर्नलाई मैले तीन वर्षदेखि कोसिस गरिरहेको थिएँ, त्यो काम तिमीले तीन महिनामा नै गरिदियौ, त्यसकारण अब तिमी मेरो सल्लाहकार भएर बस्नुपर्छ ।' यति भनेर त्यस शैतानले ती बुढियालाई आफूसँगै नरक लिएर गयो । यसकारण परिवारको प्रतिष्ठा र गौरव झगडा नगरी शान्तिसित बस्नुमा नै छ । शत्रुको प्रतिशोध गर्ने शक्ति त जनावरहरूमा पनि छन्, तर शत्रुलाई क्षमा दिने शक्ति र विवेक केवल विवेकशील तथा सज्जन व्यक्तिहरूमा मात्र छन् ।

एकदिन राजा कानस्टेटियन आफ्नो दरबारियाहरू सित हिँडिरहेको बेला अचानक कसैले राजाको गालामा थप्पड हान्यो । तब ती दरबारियाहरूले राजालाई भने, 'त्यस दुष्टलाई मारिदिनुहोस् ।' तर राजाले भन्यो – 'मेरा सानाभन्दा साना प्रजाले जे गर्न सक्थ्यो त्यो उसले गऱ्यो, यो

कुन ठूलो कुरा हो र ? तर त्यस व्यक्तिलाई क्षमा दिन्छु, यही नै मेरो सबैभन्दा ठूलो शक्ति र ताकत हो ।’

२. कोर्ट-कचहरीमा जानुपर्‍यो भने परिवार नाश हुन्छ । जति नै न्यायपूर्वक काम किन नहोस् तर नजानु नै असल हुन्छ । न्यायको निम्ति कोर्ट-कचहरी जाँदा कसैलाई खुसी र आनन्द प्राप्त भएको छैन ।

३. आइतबारको दिन कुनै पारिवारिक समारोह गर्नु या मनाउनु आफ्नो आत्मालाई नष्ट गर्नु हो । किनकि त्यो दिन त प्रभुको दिन हो त्यसैले यस दिनलाई शैतानको दिन बनाउनु उचित हुँदैन । यदि परिवारमा कुनै परिवारजनको मरण भए, केवल त्यो व्यक्ति मात्र घरमा बसून्, जसको खाँचो पर्दछ, बाँकी आइतबारको दिन गिर्जा अवश्य जानु नत्रभने त्यो ईश्वर र कलिसियाको नियमको विरुद्ध हुनेछ ।

४. कसैबाट ऋण लिनु राम्रो काम होइन । यदि आवश्यकतामा ऋण लिएको भए चाँडोभन्दा चाँडो फर्काउनुहोस् । प्रेम र सद्भाव बाहेक

तपाईं पनि ऋण या सापट कसैलाई नदिनुहोस् । जुन परिवारमा ऋणको बोझ छैन या हुँदैन त्यो नै धनी परिवार हुनेछ । यदि आफ्नो पूर्वजले पवित्र मिस्साको हिसाब-किताब बुझाउनु पर्नेछ या कसैबाट ऋण लिएको छ भने उत्सुकतापूर्वक चुक्ता गर्नुहोस् । किनकि कसैको उपेक्षा गर्नु परिवारप्रति ईश्वरको क्रोधको कारण बन्छ ।

## विनम्रता

५. आफ्नो धन र शक्तिको प्रदर्शन नगर्नुहोस् । जसले यी सब प्रदर्शन गर्छ त्यो व्यक्ति तल्लोस्तरको ठहऱ्याइने छ । जसले आफू धनी हुँ भनी घमण्ड गर्छ, उसले चाँडै भीख माग्नुपर्ने छ । एकदिन राजा दाउदले आफ्नो शक्ति र महिमा देखाउनको निम्ति अहङ्कारले भरिपूर्ण भई जनगणनाको आज्ञा दिए । तब प्रभुको क्रोध इस्राएलको विरुद्धमा भड्कियो अनि राज्यले महामारीको रूप लियो ।

६. पारिवारिक या सामाजिक समारोहमा आफ्नो क्षमताभन्दा धेरै धन खर्च नगर्नुहोस् यसो गर्नाले तपाईं सक्षम बन्न सक्नु हुन्न । जसरी

भुसमा लागेको आगोले भरपुर उज्यालो दिन्छ तर त्यो केवल क्षणिक मात्र हुन्छ त्यो भन्दा रातभरि बलिरहने सानो बत्ती नै असल हुन्छ ।

प्रसिद्ध दार्शनिक देमोक्रिटसलाई सबभन्दा महान् व्यक्ति को हो भनी प्रश्न गर्दा उनले भने – जुन व्यक्तिले आफैलाई सानोभन्दा सानो सम्झिन्छ, ऊ नै सबभन्दा महान् व्यक्ति हो । आफ्नो धन-सम्पत्ति मौज-मस्तीमा खर्च गरेर दु:ख भोगिरहेको एउटा मानिसलाई एकजना विद्वान्ले सम्झाउँदै भने – 'भाइ, तिमीले आफ्नो बत्ती दिनमा नबालेको भए रातमा बाल्न पाउने थियौ ।'

## नातेदार अनि शुभचिन्तक

७. अरूको घर-घरमा गएर खोजी निन्दा नगर्नुहोस् । यदि तपाईंले आफ्नो कर्तव्यहरू के हो भनी राम्रोसँग पालन गर्नुभयो भने तपाईंसँग अरूको काममा अनावश्यक रूपमा हस्तक्षेप गर्ने समय हुँदैन । परिवारको आदेश नमान्ने र परमेश्वरको डर नभएकासँग सम्बन्ध र सम्झौता नगर्नुहोस् । किनकि पारिवारिक भलाई र खुसियाली धनले होइन तर ईश्वरीय कृपा र

भक्तिले सम्पन्न भएको मानिसबाट मात्र प्राप्त हुन्छ । ती धनी मानिसहरू कति परिवारको दुःख र बर्बादीको कारण बनेका छन् । फ्रान्समा एकजना मानिसले आफ्नो एकमात्र पुत्रलाई आफूभन्दा धेरै खानदानी मान्छेको छोरीसित विवाह गरिदिने कठिन प्रयास गरे । अन्तमा त्यस व्यक्तिको सबै सम्पत्ति आफ्नो पुत्रको नाममा गराइदिने सर्तमा विवाह भयो । केही समयपछि आफ्नै बुहारी र उनकी माता-पिताले त्यस व्यक्तिलाई तल्लो दर्जा र प्रतिष्ठाको भनेर आफ्नै घरबाट निकालिदियो । तब त्यस मानिसले भीख मागेर अनि आफ्नै छोरा-बुहारीको घर बाहिर फालिएको जुठो खाना आफ्नो भोक मेटाउन खान बाध्य भयो ।

९. सबै मानिसहरूलाई होइन केवल ती मानिसहरूलाई आफ्नो घरभित्र पस्न दिनुहोस्, जो सज्जन अनि ईश्वरको भय मान्दछन् । एउटा भनाइ छ – ‘तपाईंको साथी को हो मलाई भन्नुहोस्, तब म भन्ने छु तपाईं को हुनुहुन्छ ।’

१०. मानिसहरूले यो पनि जानिराखून्, तपाईंको घर कुनै अशोभनीय बातचित, अख्रीस्तीय

व्यवहार अनि आफ्नो छिमेकीप्रति अनुचित आलोचना र गफसप गर्ने ठाउँ होइन । यदि यी सब कुराहरू तपाईंको घरमा हुन्छ भने ती सबको दोषी तपाईं अनि तपाईंको घर हुनेछ। एकजना यस्तो मानिस थियो जसले घुमी-घुमी अरूको विषयमा नराम्रो कुरा गर्थे । तर एकदिन बहुलाहा भएर आफ्नै जिब्रो टोक्दै हिँड्न थाले । त्यसपछि तिनै जिब्रोको घाउको कारणले उसको शरीरमा नराम्रो रोग फैलियो अनि दुर्भाग्यपूर्ण मृत्यु भयो ।

## परिश्रमशीलता

११. सधैं नयाँ सामानहरू किन्नुभन्दा अघि आफ्नोमा भएका पुराना सामानहरू सुधार्नुहोस्। परिवारको सम्पत्ति सङ्ख्या होइन तर तिनीहरूको गुणमाथि निर्भर गर्छ। एउटा परिश्रमशील मानिस आफ्नो सीमित सम्पत्तिमा खुसी र सुखी थिए । तर केही ईर्ष्यालु मानिसहरूले यसो भन्दै उनको विरुद्ध मुद्दा हाले – यो मानिसले जमिनमुनि गाढधन फेला पारेको छ र आफ्नो घरभित्र लुकाएको छ । राजाले तुरुन्त बोलाएर उसको सबै सम्पत्तिको लेखाजोखा प्रस्तुत गर्न लगाए, तर त्यस मानिसले राजालाई भन्यो, मेरो खेत

नै मेरो सम्पत्ति हो । म यस माटोलाई आफ्नो पसिनाले भिजाएर त्यसबाट सुन फलाउँछु, यति भनी त्यो मानिस गर्वसाथ त्यहाँबाट हिँडे ।

१२. तपाईं आफ्नो अवस्थास्वरूप काम गर्नुहोस् । काम नगर्नु सामान्य मानिसको आदत होइन तर यी ती मानिसहरूको हो जसको न कुनै घर-परिवार छन् न बाल-बच्चा नै । अल्छिपना सबै दुर्गुणहरूको आमा हो अनि मद्यपान सेवन गर्नु समाज अनि ईश्वरको विरुद्ध अपराध हो ।

एकदिन रोम सहरको एकजना अधिकारी, जसको नाम कोत्तान थियो, उनले भने जो कोही रोम सहरमा बस्न चाहन्छन्, उनीहरू सबैले काम गर्नु पर्नेछ अनि हरेक व्यक्तिले आफूले कठोर परिश्रम गरेको प्रमाण आफ्नो हत्केला देखाएर देखाउनु पर्नेछ । उनले यो पनि आदेश दिए कि हरेक धनी तथा आदर्शवान् व्यक्तिहरू बाहिर सडकमा आउँदा उनीहरूले पनि आफ्ना व्यवसाय अनुरूप हात-हतियार या उपकरणहरू साथमा लिएर आउनु पर्नेछ ।

१३. व्यापार केवल आत्माको निम्ति मात्र होइन, सम्पत्तिको निम्ति पनि जोखिमपूर्ण हुन्छ । यदि जीवनयापन गर्नलाई कुनै विकल्प छैन भने व्यापार गर्नु पनि नराम्रो काम होइन । तर त्यो काम खुबै सावधानीपूर्वक अनि न्यायपूर्ण तरिकाले गर्नुपर्दछ । अनुचित र छलकपट गर्ने व्यापारीले कहिले पनि उन्नति गर्न सक्दैन । अपराधपूर्ण र छलकपटले सञ्चित गरेको धन-सम्पत्ति हिउँजस्तै पग्लेर जान्छ ।

दुईजना व्यापारी थिए, जसले धेरै छलकपट र चलाखी गरेर पनि आफ्नो व्यापारमा उन्नति गर्न सकेका थिएनन् । तर एकदिन ती दुवैजना व्यापारीहरू पाप स्वीकार गर्न भनी पुरोहित कहाँ गए र आफ्ना सबै पापहरू पुरोहित समक्ष स्वीकार गरे । त्यसपछि पुरोहितले तिनीहरूलाई भने – आजबाट तिमीहरूले आफ्नो व्यापारमा कुनै चलाखी गर्ने छैनौ अनि झुट पनि बोल्ने छैनौ । अतः तिनीहरूले पुरोहितले भनेअनुसार आफ्नो व्यापार गर्न थाले अनि एक वर्षमा नै तिनीहरूले व्यापारमा राम्रो प्रगति गरे ।

## परोपकार

१४. 'जुन दिन कसैको भलाई गर्दैनौ, त्यो दिन तिम्रो व्यर्थ हुनेछ । मानिसहरू तपाईंसित डराउन भन्ने होइन, तर तिनीहरूले तपाईंलाई प्रेम अनि सम्मान गरोस् भनी इच्छुक बन्नुहोस् । कुनै पनि भिखारी तपाईंको घरबाट खाली हात नफर्कोस् तर आफ्नो क्षमताअनुसार दान गर्नुहोस् ।' 'एकअर्कालाई प्रेम गर' भन्ने ईश्वरको आज्ञा मानेर एकजना व्यक्तिले प्रत्येक दिन कसै न कसैलाई केही भलाईको काम गर्नुपर्छ भन्ने हेतुले आफैले एउटा नियम बनाए । एकरात भोजन गर्ने समयमा उसलाई अचानक याद आयो, आज त मैले कसैको निम्ति भलाईको काम गरिनँ तब उनी तुरुन्त उठेर आफ्नो छिमेकीलाई मद्दत गर्न गयो अनि फर्केर आएपछि भोजन गरे ।

१५. अपव्यय र कन्जुस्याइँ दुवै नै अधर्म हो । कन्जुस्याइँको धन किराले खान्छ भने अपव्ययको ऐश-आराम धुँवाजस्तै उडेर जान्छ । एउटा गाउँमा एकजना मानिस थियो जसले आफ्नो कमाईअनुसार घर चलाउँथ्यो । साथसाथै दान, धर्म पनि

गर्थ्यो । तर जब त्यो मानिस सु-सम्पन्न भयो अर्थात् धनी बने, उसले दान-धर्म सबै भुलेर धन थुपार्न सुरु गरे । यस्तैमा एकदिन त्यस मानिसको खुट्टामा घाउ भयो अनि जब त्यस घाउबाट दुर्गन्ध आउन थाल्यो उसले वैद्यलाई उपचारको निम्ति बोलायो । उपचारको क्रममा उसले धेरै धन खर्च गऱ्यो । तब एउटा स्वर्गदूत उनको सामु प्रकट भएर उसलाई भन्यो – 'तिमी यो जानिराख कि जसले दानधर्म नगरेर आफ्नो स्वार्थको निम्ति सम्पत्ति जम्मा गर्छ, उसको धन यसरी नै पानीमा बगेर जान्छ ।'

१६. धेरै साथीहरूको आवश्यकता पर्दैन तर हजारौँमा सावधानीपूर्वक एकजनालाई चुन्नुहोस्, किनकि जसले तिमीलाई प्रेम गर्दैन उसले ईश्वरलाई पनि प्रेम गर्दैन । दाउद र जोनाथनको प्रेम साँचो थियो र एकअर्कालाई प्रेम गर्थे । एकचित्त भएर तिनीहरूले अन्तसम्म प्रेम गरे अनि एकअर्कालाई मद्दत गरे । साना-साना कुराले उनीहरूको प्रेममा कहिले कमी आएन तर आपत-विपतमा उनीहरू सुदृढ हुँदै गए ।

## न्यायशीलता

१७. चोरी गरिएका सामानहरू केही क्षणका निम्ति पनि आफ्नो घरभित्र राख्नु नदिनुहोस् । पवित्र आत्माले हामीलाई के सचेत गराउनु हुन्छ भने चोरी गरेका सामानहरू घरमा राख्नाले घर अग्निकुण्डले नाश हुन्छ । चोरहरूको सङ्गत कहिले नगर्नु । किनकि भोलि तपाईंकै घरका सामानहरू चोरी गर्न ऊ पछि हट्दैन । यति मात्र होइन उसले गरेको पापको भागीदार तपाईं पनि बन्नु हुनेछ ।

एउटा यस्तो मानिस थियो जसले अरूको सामानहरू चोरेर धनी बनेको थियो । तर जब ऊ मरणासन्न अवस्थामा पुग्यो, तब आफ्नो सम्पत्तिको भागबण्डा गर्नलाई कुनै एउटा व्यक्तिलाई बोलायो अनि यसरी लेखापढी गर्न लगायो – 'म मेरो आत्मा शैतानलाई सौंपिदिन्छु ।' यो सुनेर उसको छोराछोरीले सोधे – 'बुवा, यो तपाईंले के गर्नु हुँदैछ ? के तपाई होसमा हुनुहुन्छ ?' तब बुवाले भन्यो – 'म होसमा नै छु, लेख्न देऊ । अर्काको सम्पत्ति अपहरण गर्नलाई प्रेरणा दिने म मेरो पत्नीको आत्मालाई पनि शैतानलाई समर्पित

गर्छु । नानीहरू हो म तिमीहरूको आत्मालाई पनि शैतानलाई नै सौंपिदिन्छु, जसका निम्ति मैले यी सब गलत कामहरू गरेँ ।' यति भनी त्यस मानिसले प्राण त्याग गरे ।

१८. मजदुरहरूको न्यायोचित मजदुरी दिनलाई इन्कार या विलम्ब नगर्नुहोस्, किनकि यो प्रतिशोधको निम्ति ईश्वरलाई पुकार्ने एउटा पाप हो । गरिबलाई अपमान र अनादर नगर्नुहोस् । किनकि उनीहरूको आँसु देखेर परमेश्वरले तपाईंलाई प्रतिशोध अनि घृणा गर्नेछ ।

लुवैन सहरको एउटा घटना यस्तो छ – त्यस सहरमा एउटा जमिन्दार थियो । जसको कुटीमा एउटा विधवा आफ्नो बालबच्चाहरूसँग बस्थिन् । तर त्यस जमिन्दारले सधैँ त्यस विधवालाई अवहेलना गर्थे अनि दुःख दिइरहन्थे । यी सबैबाट हैरान भएर उसले परमेश्वरसँग प्रार्थना गरिन् – 'हे प्रभु ! मलाई यस अन्याय र अत्याचारबाट बचाउनुहोस्' । तत्कालै जमिन्दार उठेकै ठाउँमा लड्यो र उनको मृत्यु भयो ।

## ईश्वरको भक्ति

१९. ईश्वरप्रति श्रद्धा र भक्ति नै परिवारको साँचो सम्पत्ति हो । यी परिवार यस संसार अनि स्वर्गमा ईश्वरीय कृपा र अनुग्रहको पात्र बन्नेछ । निन्दा र असभ्य वचनहरूले असल परिवारको प्रतिष्ठालाई कालो बादलले ढाकिदिन्छ । सम्भव भए हरेक दिन मिस्सा बलिदानमा भाग लिनुहोस् । यदि सक्नुहुन्न भने कम से कम सोमबार मृतआत्माहरूको स्मरणमा, शुक्रबार प्रभु येसुको दुःख सङ्कट स्मरण अनि शनिबार माता मरियाको स्मरणमा मिस्सा बलिदानमा भाग लिनुहोस् ।

घरको हरेक सदस्य प्रत्येक दिन मिस्सामा भाग लिन नसके तापनि पालैपालो प्रत्येक दिन एक या दुईजना मिस्सा बलिदानमा अवश्य भाग लिनुहोस् । महिनामा एकपल्ट पाप स्वीकार गरेर परमप्रसाद ग्रहण गर्नुहोस् । यदि तपाईं नौ दिनको रोजरी प्रार्थना (Novena) या माता मरियाको विशेष पर्व या सन्त जोसेफको विशेष चाडमा भाग लिन सक्नु भएन भने पनि ती दिनहरूमा आफ्नै घरमा प्रार्थना सभा गर्नुहोस् । उठ्दा

या बस्दा या खेल्दा आफ्नो व्यवहार, मर्यादा र शालीनतालाई भङ्ग नगर्नुहोस् । किनकि निर्लज्जता र अभद्रता ईश्वर र मानिसका माझ अपमानजनक व्यवहार हुन् । आफ्ना छोराछोरी तथा केटाकेटीहरूको लज्जाजनक वस्त्रधारण अनि अभद्र व्यवहार सुधार्नमा ध्यान नदिनुका कारणले पनि कति मानिसहरू नरकको भागीदार बन्छन् । यी सबै हामीले ईश्वरले निर्णय गर्ने दिनमा थाहा पाउनेछौँ ।

फ्रान्समा एउटा सुशील केटो थियो । जो एक्लै बस्दथ्यो र सधैँ आफ्नो शरीर मात्र होइन, हातखुट्टासमेत पूरै वस्त्रले ढाकथ्यो । जब उसले नरकमा बिना वस्त्र बस्नुपर्छ भन्ने कुरो थाहा पायो तब ऊ डरले रुन थाल्यो । हेर्नुहोस् त त्यो केटोले आफ्नो शालीनतालाई कस्तो महत्त्व दिएको थियो ।

## सहनशीलता

२०. आफ्ना सबै कठिनाइ तथा कमी-कमजोरीलाई ईश्वरसमक्ष समर्पण गर्नुहोस् । सुखको समयमा मात्र धैर्यता राख्ने व्यक्ति कहिले पनि दृढ बन्न सक्दैन । एक आस्थावान

मानिसले यसो भन्नुहुन्छ – 'यस संसारमा सबै कुरा मेरो इच्छाअनुसार हुन्छ किनकि ईश्वरको इच्छा नै मेरो इच्छा हो ।'

एकदिन सन्त अम्ब्रोसिसले एउटा घरमा प्रवेश गर्दैगर्दा उनले सुने कि त्यस घरमा कहिले पनि कुनै दुःख या बिमारी परेको छैन, त्यसैबेला उनले आफ्ना साथीहरूलाई भने – 'हामी तुरुन्तै यस घरबाट बाहिरिनु पर्छ किनकि यस घरमा चाँडै विपत्ति आउने छ ।' तब कुनै विलम्ब नभई त्यो घर ढल्यो अनि त्यस घरमा बस्ने सबै सदस्यहरूको मृत्यु भयो । त्यसैकारण हामीले पीडा र दुःखमा मात्र ईश्वरको इच्छा के हो भन्ने बुझ्न सक्छौँ ।

## असल पुस्तकहरू

२१. ईश्वरीय विश्वासको विरुद्धमा लेखिएको पुस्तकहरूले भ्रम र अज्ञानताको भावना उत्पन्न गर्छन् । यस्ता पुस्तकहरू घरमा राख्नु भुसमा आगो लगाउनुजस्तो मात्र हो । आफ्नो क्षमताअनुसार ज्ञान तथा दर्शनशास्त्रजस्ता पुस्तकहरू पढ्नुहोस्

जसले आफ्नो विश्वासलाई दृढ बनाई अघि बढाउँछ । एकजना अनपढ भिखारी थियो, उसले दानमा जेजति पाउँथ्यो ती रुपियाँ जम्मा गरेर पुस्तकहरू किन्थे अनि पढे-लेखेका मानिसहरूलाई पढ्न लगाएर सुन्ने गर्थे र ती सबै लेखिएका आदर्शअनुसार जीवन निर्वाह गरेर अरूको निम्ति एक उदाहरण बने ।

## हुकुम पर्व दिनको कर्तव्यहरू

२२. हरेक आइतबार र हुकुम पर्वको दिन मात्र पवित्र मिस्सा बलिदानमा भाग लिन आत्मसन्तुष्ट नभई, दिनको अधिकतम समय प्रवचन सुन्ने, असल पुस्तकहरू पढ्ने अनि विशेषगरी असहाय तथा गरिब रोगीहरूको सेवा आदि असल कार्यहरूमा पनि विशेष समय दिनुहोस् ।

२३. घरको कामकाज या सेवा गर्नका निम्ति केवल ईश्वरको भय मान्ने सेवकलाई मात्र राख्नुहोस् । निश्चित हुनुहोस् उनीहरूको सङ्ख्या थोरैभन्दा थोरै होस् । सबै मालिकहरूलाई आफ्नो सेवकहरूको व्यवहार, उनीहरूको नैतिक

आचरण तथा आत्माको भलाईप्रति ध्यान राख्ने उत्तरदायित्व बोध रहोस् ।

## दैनिक कार्यतालिका

२४. तपाईंको सुत्ने र उठ्ने समय नियमित होस् । परिवारको हरेक सदस्य बिहान ६:०० बजे उठ्ने निश्चित गर्नुहोस् । अनि परिवारका सबै सदस्यहरू बसेर बिहानको प्रार्थना गर्नुहोस् अनि पवित्र मिस्सा बलिदानमा भाग लिने पनि कोसिस गर्नुहोस् । तपाईंहरू बिहानको खाजा ८:०० बजे अनि मध्यान्हको भोजन १२:०० बजे गर्नुहोस् । बेलुका सधैँ परिवारका सबै सदस्यहरू बसेर दूतको सन्देश प्रार्थना गर्नुहोस्, त्यसपछि पारिवारिक प्रार्थना चढाउनुहोस् । त्यसपछि एउटा राम्रो पुस्तकबाट एउटा पाठ पढ्नुहोस् र त्यस विषयमाथि आधा घण्टा (तीस मिनेट) मनन-चिन्तन गर्नुहोस् ।

यदि घरमा कुनै पाहुना या अतिथि आएको छ भने पनि तपाईं आफ्नो नियमित प्रार्थना गर्ने क्रमलाई भङ्ग नगर्नुहोस् । किनकि एकापट्टि तपाईंले आफ्नो पाहुना या

अतिथिलाई ध्यान दिनुपर्ने हुन्छ भने अर्कोपट्टि तपाईंको ईश्वरलाई । त्यसबेला तपाईंले कसलाई चुन्नु हुन्छ ईश्वरले हेरिराख्नु हुन्छ। यसकारण तपाईंले यस क्रमलाई निरन्तरता दिइरहनु होस् । यसो गर्नाले तपाईं अरूको समक्ष एउटा असल उदाहरण बन्नु हुनेछ । यी सब कार्य गर्दा यदि कसैले तपाईंको निन्दा गर्छ या गिल्ला गर्छ भने त्यसलाई तपाईं अनुग्रह सम्झनुहोस् । रात्रिको ८:०० बजेको भोजनपछि आफ्नो अन्तरआत्माको जाँच गर्नुहोस् अनि बेलुकाको प्रार्थना गरेर सुत्नुहोस् ।

यी सबै नियमहरू पालन गर्नलाई घरका प्रमुख व्यक्ति सतर्क रहनु अति आवश्यक छ । यी नियमहरू प्रत्येक महिनाको पहिलो दिन अनि प्रत्येक आइतबार घरका सबै परिवारजनका समक्ष पढ्नुहोस् ।

# भाग २
# छोराछोरीहरूको पालनपोषण

१. मातापिताको सबैभन्दा महत्त्वपूर्ण कर्तव्य र उत्तरदायित्व आफ्ना छोराछोरीहरूको पालनपोषण हो । छोराछोरी ईश्वरद्वारा तपाईंहरूलाई सुम्पनु भएको अमूल्य सम्पत्ति हुन् । ती छोराछोरीलाई प्रभु ईशुको अमूल्य रगतद्वारा पवित्र गराई, उहाँको सेवक-सेविका बनाई अनि न्यायको दिनमा प्रभु ईशुसमक्ष अर्पित गर्न भनी तपाईंहरूलाई सर्वशक्तिमान् परमेश्वरले सुम्पिनु भएको आत्मीय वरदानहरू हुन्। यदि मातापिताको गलत कार्य या दुष्कर्मले गर्दा छोराछोरी नरकको भागीदार बन्छ भने त्यो उनीहरूको मातापिताको मुक्तिको निम्ति बाधक हुनेछ। ओरिजिन नामक एक धर्मशास्त्रीले लेखेका छन् – यदि आफ्नो छोराछोरीको कारणद्वारा मातापिताले दण्ड पाउँछन् भने न्यायको दिन परमेश्वरले ती मातापितालाई ती छोराछोरीले गरेका कुकर्मको उत्तर माग्नेछन् । यदि तपाईं आफ्ना छोराछोरीलाई असल

मानिस अनि वृद्धा अवस्थामा आफ्नो सहारा बनून् भन्ने चाहनुहुन्छ भने तिनीहरूलाई कलिलो उमेरदेखि नै एक असल ख्रीस्तभक्त बनाउनुहोस् । बालकपनबाट नै तिनीहरूले ईश्वरप्रति प्रेम र श्रद्धा भक्ति राख्दैनन् भने ठूलो भएपछि उनीहरूले मातापितालाई पनि आदर अनि प्रेम गर्दैनन् । मातापिताले आफ्ना छोराछोरीहरूलाई पवित्र परिवारको संरक्षणमा सुम्पेर हरेक क्षण उनीहरूको निम्ति ईश्वर समक्ष प्रार्थना चढाउनुपर्दछ । माताद्वारा आफ्नो छोराछोरीहरूका निम्ति चढाइरहेको प्रार्थना परमेश्वरले निरन्तर सुन्नुहुन्छ ।

२. छोराछोरीहरू बढेपछि उनीहरूलाई प्रेम अनि भक्तिभावले प्रभु ईशु, माता मरिया अनि धर्मी जोसेफको नाम पुकार्न सिकाउनुहोस् । उहाँहरूको प्रतिमाहरू समक्ष लगेर चुम्बनद्वारा उहाँहरूप्रति प्रेम र श्रद्धा गर्न सिकाउनुहोस् । जब छोराछोरीहरू बोल्न सक्ने हुन्छन् तब उनीहरूलाई प्रभु आफैले सिकाउनु भएको बिन्ति, प्रणाम मरिया अनि दूतका सन्देश, यी छोटो प्रार्थनाहरू सिकाउनुपर्दछ । उनीहरूको

आत्माको निम्ति पौष्टिक आहारको उत्तिकै आवश्यकता छ जसरी तपाईंहरूले उनीहरूको शरीरको निम्ति पोषिलो आहार दिनुहुन्छ ।

३. बालबालिकाहरूलाई घरभित्र वस्त्रहीन घुम्न नदिनुहोस् । उनीहरूको उपस्थितिमा त्यस्तो कुनै अशोभनीय वार्तालाप नगर्नुहोस् ।

४. मातापिताले छोराछोरीहरूलाई कहिले पनि आफ्नो कोठामा नसुताउनुहोस् । अन्यथा शैतानले उनीहरूले नजानेका कुरा सिकाउने छ ।

५. छोराछोरीहरूलाई मातापिताको नजरबाट टाढा खेल्न जान नदिनुहोस् । बालबालिकाको ठीक प्रकारले रेखदेख नगर्ने सेवक या नौकरप्रति भरोसा नराख्नुहोस् । प्रायः उनीहरूले नै बालबालिकाहरूलाई बिगार्छन् ।

६. जब छोराछोरीहरू ठूला हुन्छन् तिनीहरूलाई विद्यालय पठाउनुहोस् । यति मात्र होइन उनीहरूको पढाइ र साथीभाइहरूको विषयमा

पनि सोधपुछ गर्नुहोस् । प्रत्येक आइतबार छोराछोरीहरूको सप्ताहभरिको पढाइको सर्वेक्षण गर्नुहोस् ।

७. बालबालिकाहरूलाई आफन्तहरूको घरमा बस्न नदिनुहोस्, किनकि जाँदा उनीहरू स्वर्गदूत भएर जान्छन् अनि शैतान भएर फर्किन्छन् ।

८. बालबालिकाहरू जब सात वर्षका हुन्छन् उनीहरूलाई पाप स्वीकार संस्कारको बारेमा सिकाउनुहोस् अनि उचित रीतिले पाप स्वीकार गराउन लगाउनुहोस् । विशेष रूपमा उनीहरूलाई माता मरियाको भक्तिमा अघि बढ्न सिकाउनुहोस् ।

९. बालबालिकाहरूप्रति अधिक कठोर पनि नबन्नुहोस्, अधिक दया पनि नदेखाउनुहोस् । अत्यधिक माया या प्रेमले उनीहरूलाई अहङ्कारी बनाइदिन्छ । क्रोध र दण्डले उनीहरूमा निराशा र आत्मग्लानि उत्पन्न गराउँदछ । शारीरिक दण्ड दिनुभन्दा

अघि उनीहरूलाई विवेकपूर्ण ढङ्गले सम्झाउनुहोस् । यसो गर्नाले उनीहरू किन दण्डित भए बुझ्ने छन् । उनीहरूको भोजन कम गरेर या जमिनमा घुँडा टेकाएर पनि दण्ड दिन सकिन्छ । बालबालिकाहरूलाई सम्झाउँदा या बुझाउँदा खराब या गलत शब्दहरू प्रयोग गर्नु हुँदैन । यदि तपाईं खराब या गलत शब्दहरू प्रयोग गर्नु हुन्छ भने तपाईंले उनीहरूलाई सुधार्नुको सट्टा भविष्यमा उनीहरूले पनि यस्तै शब्दहरू प्रयोग गरून् भनी सिकाइरहनु भएको छ ।

आमाले छोराछोरीहरूलाई आफ्नो पितालाई कसरी आदर-सम्मान गर्नुपर्छ सिकाउनुहोस् अनि त्यसै गरेर पिताले पनि आमालाई कसरी प्रेम औ आदर गर्नुपर्छ सिकाउनु पर्दछ । यदि मातापिताको एकअर्कामा प्रेम र सम्मान छैन भने तब छोराछोरीहरूले पनि उनीहरूको आदर गर्ने छैनन् ।

१०. छोराछोरीहरूलाई सानै उमेरबाट असत्य र छलकपट गर्ने व्यवहार साधारण कुरा हुन् भनेर नसिकाउनु होस् । उनीहरूले गल्ती गरे

गाली गर्नुहोस्, अनि सम्झाउनु होस् । सत्य र न्याय के हो भन्ने शिक्षा दिनुहोस् ।

११. बिहान वन्दनाको निम्ति घण्टी बज्दा आफ्ना सबै छोराछोरीहरू घरमै छन् भनी निश्चित हुनुहोस् अनि प्रार्थना समापन भएपछि उनीहरूलाई आफ्ना मातापिताको हातलाई चुम्बन गर्न सिकाउनुहोस् ।

जब छोराछोरीहरू बाह्र वर्षको उमेरका हुन्छन् तब मातापिताले उनीहरूको ध्यान दिनु अति आवश्यक छ। यस उमेरमा उनीहरूलाई कुनै भोज, विवाह या त्यस्तो कुनै कार्यक्रममा भाग लिनुको सट्टा, उनीहरूको उमेरअनुसार कुनै राम्रो कार्यमा व्यस्त राख्नुहोस् । छोरीहरूलाई भड्किलो पाराले लुगा लगाएर कुनै तिहार या दुलहीको साथी बनेर जान दिनु अदृश्य रूपमा शैतानले खेलेको चाल हो ।

१२. कति मातापिताले आफ्नो परिवारको प्रतिष्ठा, अहङ्कार तथा झुटो अभिमान देखाउनलाई आफ्ना छोरीहरूलाई महँगो कपडा र

आभूषणहरूले सजाएर मानिसहरूलाई देखाउन चाहन्छन् । तर यसो गर्नाले कति आत्माहरू नरकको भागीदार बन्छन् भन्ने कुरा केवल ईश्वरले मात्र जान्नुहुन्छ । तर एउटी छोरीले लगाउने उचित वस्त्र नै उसको भक्ति, विनम्रता र मर्यादा हो ।

१३. छोराछोरीहरूको कारणले गर्दा मातापितामाँझ कहिले झगडा नहोस् । ती मातापिता जसले आफ्ना छोराछोरीप्रति कोही व्यक्तिले गरेको सानो अनादरलाई स्वीकार गर्न सक्दैनन् भने अनि कुनै प्रतिक्रिया दिन्छन् भने तिनीहरू पनि ती स-साना बाल-बच्चाहरूजस्ता नबुझ्ने हुन् ।

१४. जब छोराछोरीहरू ठूला हुन्छन् उनीहरूलाई आफ्नो भावी जीवनबारे आफ्नो इच्छाअनुसार सोच्ने या छनौट गर्ने पूर्ण अधिकार दिनुपर्दछ । किनकि यी सबको निम्ति ईश्वरले उनीहरूलाई प्रेरणा दिनुहुन्छ अनि छनौट गर्ने उत्तरदायित्व छोराछोरीहरूको हो तर यो अधिकार मातापिताको होइन । कति मातापिता अनि छोराछोरीहरू

यी सबले गर्दा नरकमा छटपटिरहेका हुन्छन् । तसर्थ जब छोरा १६ या १८ अनि छोरी १४ या १६ वर्ष उमेरका हुन्छन् तब यस विषयमा निर्णय लिनु विलम्ब गर्नु हुँदैन । तर विवाह गर्नुअघि तिनीहरूको सहमति लिनु आवश्यक पर्छ । धन-सम्पत्ति या सामाजिक स्थितिभन्दा पनि उनीहरूको सदाचरण र सद्‌गुणहरूप्रति धेरै ध्यान दिनुहोस्, नत्र भने खुसी र आनन्दको सट्टा मातापिता तथा छोराछोरीहरूमाभ्त दुःख र सङ्कट आइपर्ने छ ।

१५. आफ्ना छोराछोरीहरू ज्ञानी र कार्यकुशल भइसक्यो भनी माता-पिता स्वयम् कमजोर र असहाय अनुभव नगर्नुहोस् । जति सक्दो परिवारको कार्यभार के हो भन्ने आफैमा राख्नुहोस् किनकि कतिपय मातापिताले आफ्नो अधिकार अविवेकपूर्ण सुम्पिदिँदा दुःख भ्रेल्नु परेको छ ।

१६. मातापिताले आफ्नो प्राण त्याग गर्नुभन्दा अघि छोराछोरीहरूलाई आ-आफ्नो घरमा स्थापित गराइदिनुहोस् । वृद्ध अवस्थामा आइपुग्नुभन्दा अघि तिनीहरूको सम्पत्ति

आपसमा बाँडिदिनुहोस् । यसो गर्नाले मातापिताको मृत्युपश्चात् छोराछोरीहरूको माझमा कुनै झगडा हुने छैन ।

अन्तमा, मेरो प्यारो नानीहरू हो म यो भन्दछु – "आफ्नो मातापिताको आदर गर अनि उनीहरूको हृदयलाई दुःख नपुऱ्याऊ । याद राख परमेश्वरको चार आज्ञा उल्लङ्घन गर्नेले परलोकमा मात्र होइन यस संसारमा पनि आनन्दित हुने छैनन् ।"

जापानमा एउटा धर्म नै नभएको एउटा राज्य थियो । जहाँ एउटी आमा आफ्नो तीन छोराहरूसित बस्थिन् । ती छोराहरूले आफ्नो आमाको देखभाल आमाले सोचेजस्तो गर्न सक्दैनन् थिए किनकि तिनीहरू अति नै गरिब थिए । राज्यमा चोरलाई फाँसी र चोर पक्डिनेलाई उत्तम इनाम दिने गर्दथे । ती तीनजना छोराहरूले आफ्नो आमाको संरक्षणको निम्ति एकदिन उनीहरूमध्ये एकजना चोर बन्ने बहाना गरे र बाँकी दुईजनाले ती चोर बनेकालाई पक्डेर सरकार

समीप लगे अनि इनाम प्राप्त गरे । त्यसपछि ती दुवैजना छोराहरू चोरको सामु गएर भावुक भई आफ्नो आमाको निम्ति मृत्युदण्ड स्वीकार गर्ने सल्लाह दिए । जब यी सबै दृश्य जेल अधिकारीले देखे तब उनले चोरप्रति किन यति धेरै सहानुभूति देखाइरहेछ भनी जाँच गर्न लागे । जाँचपछि त्यस जेल अधिकारीलाई थाहा भयो कि त्यो कुनै एउटा चोर रहेन रहेछ तर आफ्नो आमाप्रतिको प्रेमको कारणले गर्दा दाजुभाइहरूमध्येमा एकजना मर्नलाई तयार भएका रहेछन् भन्ने कुरा थाहा पाए ।

जब यी सबै कुरा राजाले थाहा पाए, राजाले त्यस चोर बनेकालाई छोडिदिए साथै उसको आमालाई जीवनको अन्तिम घडीसम्म जीवनवृत्ति दिने घोषणा गरे । तसर्थ नानीहरू हो, यस कथालाई सदा याद राख्नुहोस् ।

**पवित्र परिवारको फादर कुरियाकोस एलियास चावरा**, मान्नानम् र टि.ओ.सि.डि. (TOCD) अन्तर्गत अन्य आश्रमहरूका प्रियोर (Prior)
१३ फेब्रुअरी १८६८

# सन्त कुरियाकोस एलियास चावराको सङ्क्षिप्त जीवनी

सन्त कुरियाकोस एलियास चावराको जन्म सन् १८०५, फरवरी १० मा आलपूजाको कैन्करी गाउँको चावरा परिवारमा भएको थियो । आफ्नो प्राथमिक शिक्षापछि चेर्तलाको सेन्ट मेरिज चर्चसित आबद्ध पल्लिपुरम् सेमिनारीमा प्रवेश गर्नुभयो । फादर थोमस पालेक्कल उहाँको आध्यात्मिक गुरु हुनुहुन्थ्यो । सन् १८२७ मा उप-डायकनेट र १८२८ मा डायकनेट स्वीकार गर्नुभयो ।

आफ्नो पुरोहितभिषेकपछि उहाँले फादर थोमस पालेक्कल अनि फादर थोमस पोरुकरासित मिलेर मान्नानम्मा एउटा आध्यात्मिक जीवनको जग बसाले । ब्रदर कनियानतरा याकूब पनि उहाँहरूले जस्तै सांसारिक जीवनदेखि अलग भएर एकान्तमा आध्यात्मिक जीवन जिउने आदर्शबाट प्रभावित भएर उहाँहरूसित सम्मेलित भए । सन् १८३१ मा उहाँहरूले मान्नानम्मा एउटा आध्यात्मिक भवन निर्माण गरे अनि त्यस भवनको

नाम ‘बेतराउमा’ राखियो, जसको अर्थ हो - ‘पहाडमाथिको घर ।’ यही भवन पछि विकसित भएर ‘अमलोलभवदास सङ्घ’ नामको संन्यासी पुरोहितहरूका भवन बन्न पुग्यो अर्थात् Servants of the Immaculate Conception ।

भारतको पहिलो संन्यास समाज Carmelities of Mary Immaculate (CMI) समाजको प्रारम्भ यहीबाट भयो । सन् १८४१ मा फादर पोरुकराको मरणोपरान्त यस नयाँ समाजको सम्पूर्ण उत्तरदायित्व फादर कुरियाकोसमाथि रह्यो । बिसप रोक्कोसको आगमनपछि प्रारम्भ भएको पाखण्डताको विरुद्ध मलबार, कलिसियालाई मुक्त पार्नको निम्ति सन् १८६१ मा आर्चबिसप बरणरदिनोसले फादर कुरियाकोसलाई मलबार समूहको विकर जनरल (Vicar General) नियुक्त गर्नुभयो अनि फादर कुरियाकोस त्यस पाखण्डताको उन्मूलन गर्नमा सफल हुनुभयो ।

सन् १८३१ देखि फादर कुरियाकोसले विभिन्न आध्यात्मिक तथा समाज कल्याणका कार्यक्रमको आरम्भ गर्नुभयो, तीमध्ये प्रमुख हुन् - शिक्षाको

प्रगतिको निम्ति मान्नानम्मा संस्कृत विद्यालय अनि मुद्रणालयको स्थापना, आराधना क्रमको नवीनीकरण, गिर्जाहरूमा आइतबारको दिन प्रवचन अनि मानिसहरूको आध्यात्मिक नवोत्थानको (Renewal) लागि ध्यान-साधनाका प्रचलन आदि । सन् १८७७ मा उहाँले भारतको पहिलो संन्यासिनी समाज सि.एम.सी. (Congregation of Mother of Carmel - CMC) को स्थापना गर्नुभयो ।

जीवनको अन्तिम सातवर्ष उहाँ केरलाको कुनन्म्मावमा रहनुभयो, जहाँ उहाँको मृत्यु ३ जनवरी १८७१ मा भयो अनि उहाँको मृत देह कुनन्म्मावको सन्त फिलोमिना चर्चमा दफनाइयो । त्यसपश्चात् १४ मई १८८९ मा उहाँको भौतिक अवशेष सि.एम.आई. (CMI) समाजको मातृभवन मान्नानम्को सन्त जोसेफ चर्चमा स्थानान्तरण गरियो ।

आफ्नो जीवनकालमा आफ्नो त्याग र वलिदानद्वारा सन्त घोषित हुनुभएका फादर कुरियाकोस मरणोपरान्त पनि धेरैको निम्ति आश्रयका केन्द्र बन्नुभयो । उहाँको मध्यस्थताद्वारा

धेरै मानिसहरूलाई अनुग्रह पनि प्राप्त भयो । भारतको प्रथम सन्त, सन्त अल्फोनसा जब बिमारी अवस्थामा हुनुहुन्थ्यो, तब उहाँले सन्त चावराको मध्यस्थताद्वारा प्रार्थना चढाउँदा उहाँलाई तुरुन्तै चङ्गाई प्राप्त भयो । यी सबै सन्त अल्फोनसा आफैले लिखित रूपमा प्रमाणित गर्नुभएको छ ।

सन्त कुरियाकोस एलियास चावरालाई सन्त घोषित गर्ने प्रक्रिया सन् १९५६ मा भएको थियो अनि फरवरी ८, १९८६ मा केरलको कोट्टयममा सन्त पिता जोहन पाउल द्वितीयद्वारा उहाँलाई 'धन्य' घोषित गर्नुभयो । त्यसपछि सन् २०१४ नवम्बर २३ मा सन्त पिता फ्रान्सिसले रोमको एक भव्य समारोहमा धन्य फादर कुरियाकोस एलियास चावरालाई 'सन्त' घोषित गर्नुभयो । सन्त चावराको पार्थिव अवशेषको स्मारक मान्नानम्को सन्त जोसेफ चर्चको वेदीको सामु अवस्थित छ ।

# सन्त चावरासमक्ष परिवारहरूको निम्ति प्रार्थना

हे प्रभु परमेश्वर, पिता, पुत्र अनि पवित्र आत्मा, हामी तपाईंलाई धन्यवाद दिँदैछौँ, किनकि तपाईंले सन्त चावरालाई परिवारहरूको संरक्षणको रूपमा हामीलाई दिनुभयो ।

हे सन्त चावरा, पवित्र परिवारको भक्त, हाम्रो निम्ति प्रार्थना गरिदिनुहोस् ताकि हाम्रो परिवारमा सधैँ शान्ति, प्रेम, एकता एवम् समृद्धि रहिरहोस् । हामीलाई हाम्रो विश्वासमा दृढ रहिरहन अनि ईश्वरप्रति भक्ति एवम् श्रद्धामा सदैव अघि बढ्नलाई कृपा प्रदान गर्नुहोस् । जिन्दगीका हरपलमा ईश्वरलाई धन्यवाद दिने अनि हर दुःख-सङ्कटलाई पार लगाउन शक्ति पनि प्रदान गर्नुहोस् । प्रत्येक दिन केवल ईश्वरको इच्छाअनुसार जिउने अनि उहाँको संरक्षणमा सधैँ समर्पित बन्न हामीलाई सिकाइदिनुहोस् ।

हाम्रो परिवारको हरेक सदस्यलाई आफ्नो संरक्षणमा लिएर अनि हरेक खाँचोमा उनीहरूलाई सहायता गर्नुहोस् । तपाईंको सहायता औ संरक्षणमा पूर्ण भरोसा राखी, आज हामी जुन अनुग्रहको निम्ति प्रार्थना चढाइरहेका छौँ, हाम्रो प्रार्थनालाई तपाईंले प्रभु ईशुद्वारा पिता परमेश्वरसमक्ष समर्पित गरेर यी सबै पूरा गरिदिनुहोस् ।

१ हे हाम्रा ... १. प्रणाम भरिया ... १. पिता, पुत्र ...

# सन्त कुरियाकोस एलियास चावराको जिन्दगीको महत्त्वपूर्ण घटनाहरू

| | |
|---|---|
| १०-०२-१८०५ | केरलाको कैनकरीमा जन्म । |
| १८-०२-१८०५ | चेन्नकरी चर्चमा बप्तिस्मा । |
| ०८-०९-१८०५ | वेच्चुर चर्चमा माता मरियाको सेवकको रूपमा समर्पण । |
| १८-१०-१८०५ | प्राथमिक शिक्षाको प्रारम्भ । |
| १८१८ | पल्लिपुरम् सेमिनारीमा प्रवेश । |
| २९-०१-१८२९ | पुरोहिताभिषेक (अरतुन्कल चर्चमा) । |
| ११-०५-१८३ | भारतको प्रथम संन्यास समाज (सि.एम.आई.) को स्थापना । |
| १८३१ | आइतबारको दिन प्रवचन अनि ध्यान । |
| १८३३ | सिरो मलबार चर्चका (Syro-Malabar Church) लागि सेमिनारीको स्थापना । |
| १८३८ | केरला मान्नानम्मा पहिलोपटक 'क्रुसको बाटो' को प्रारम्भ । |
| १८४४ | सिरो मलबार चर्चमा धार्मिक विषयको आचार्य अनि परीक्षकको रूपमा नियुक्ति । |

| | |
|---|---|
| १८४६ | मान्नानम्‌को सिरो मलबार चर्चमा पहिलो मुद्रणालय अनि प्रकाशन केन्द्रको स्थापना । |
| १८४६ | मान्नानम्‌मा पहिलो क्याथोलिक संस्कृत विद्यालयको स्थापना । |
| १८५३ | मान्नानम्‌मा सिरो मलबार चर्चको पहिलो विश्वास प्रशिक्षण केन्द्रको स्थापना । |
| ०८-१२-१९५५ | भारतको कलिसियामा संन्यास व्रत (Profess) समर्पण गर्ने प्रथम पुरोहित । |
| १८५७ | प्रभु येसुको जन्ममा आधारित गोठालाहरूको संवादको रूपमा प्रस्तुत लघुनाटक (Ecologues) कुनन्म्मावमा प्रस्तुत । |
| ०८-०६-१८६१ | आर्चडिकनको समय अवधिपछि सिरो मलबार चर्चको पहिलो विकर जनरल (Vicar General) को रूपमा नियुक्त । |
| १८६१ | बिसप रोकोसको पाखण्डताको उन्मूलनका निम्ति प्रयास । |
| १८६२ | मलयालम भाषाको पहिलो विवरणात्मक कथा 'अनस्थासियाको सहादूत' को रचना । |

| | |
|---|---|
| १८६२-१८६९ | सिरो मलबार चर्चको पुरोहितहरूको प्रार्थनाको सम्पादन, आराधनाक्रमको अनुष्ठान विधि, आराधनाक्रमको क्यालेन्डर, मृतकहरूको निम्ति प्रार्थना, माता मरियाो उपासना आदिको रचना । |
| १८६४ | मई (May) महिनामा माता मरियाको प्रस्तुति र भक्तिको मान्नानम्मा प्रारम्भ । |
| १८६४ | 'हरेक गिर्जामा एउटा स्कुल' को धारणासहित विकार जनरल (Vicar General) को रूपमा कार्यान्वित । |
| १३-०२-१८६६ | फादर लेयोपोल्डसित केरलाको पहिलो संन्यासिनी समाजको कुनन्मावमा प्रारम्भ गरियो । |
| १८६८ | केटीहरूका निम्ति पहिलो स्कुल तथा बोर्डिङ हाउस लेयोपोल्ड मिसनरीको सहयोगमा कुनन्मावमा प्रारम्भ गरियो । |
| १३-०२-१८६८ | 'एउटा भलो पिताको अन्तिम आदेश' नामक पारिवारिक नियमावली प्रकाशित । |

| | |
|---|---|
| १८६९ | कैनकरीमा अनाथ तथा वृद्ध-वृद्धाका निम्ति पहिलो अनाथालयको स्थापना गरियो । |
| ०३-०१-१९७१ | सेन्ट जोसेफ आश्रम, कुनन्मावमा निधन । |
| ०४-०१-१८७१ | सेन्ट फिलोमिना चर्च, कुनन्मावमा अन्तिम संस्कार । |
| २४-०५-१८८९ | कुनन्मावबाट पार्थिव अवशेष मान्नानम्मा स्थानान्तर । |
| २१-१२-१९३६ | सन्त घोषित गर्ने प्रक्रिया प्रारम्भ गर्नका निम्ति संन्यास समाजद्वारा निर्णय । |
| ०९-१२-१९५५ | प्रक्रिया प्रारम्भ गर्नका निम्ति रोमबाट अनुमति । |
| ०३-०१-१९५८ | 'ईश्वरको सेवक' नामद्वारा सम्मानित । |
| ०८-०२-१९८६ | 'धन्य' घोषित । |
| २०-१२-१९८७ | समाजसेवाको आदरमा भारत सरकारद्वारा हुलाक (डाक) टिकट प्रकाशित । |
| २३-११-२०१४ | रोममा सन्त पिता फ्रान्सिसद्वारा 'सन्त' घोषित । |

*For more Information:*

**Chavara Central Secretariat**
CMI Prior General's House
Chavara Hills, Kakkanad, Post Box 3105
Kochi 682 030 Kerala, India

Phone: +91 484 2881802
www.chavaralibrary.in